बडीकेदार गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
प्रदेश नं. ७, नेपाल

मिति : २०७५/०३/०६

## संक्षिप्त सूचीको लागिआवेदन पेश गर्ने वारेको सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७५/०३/०६)

नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्नद्विपक्षिय सम्फौताअनुसार यस गाउँपालिकामाकार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना(Rural Village Water Resources Management Project - RVWRMP)को सहयोगमा सञ्चालितहुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्वन्धी विभिन्न क्रियाकलापहरुमा उपभोक्ता समुदायलाई प्राविधिकतथा सामाजिक परिचालनमा सहजीकरण गर्न सम्भावित सहयोगी सँस्थाहरुको संक्षिप्त सूचीतयार गर्नुपर्ने भएकोले देहाय वमोजिम योग्यता पुगेका इच्छुक गैह्रसरकारी सँस्थाहरुवाट आवेदन आव्हान गरिएको छ ।

**शर्तहरु:**

१आवेदनगर्ने संस्था संस्थादर्ता ऐन २०३४ बमोजिमजिल्लाप्रशासनकार्यालयमा गैह्र नाफामूलक"गैह्र सरकारी संस्था" को रुपमादर्ता भई नियमानुसार नवीकरण भएको हुनुपर्नेछ र सम्बन्धित कर कार्यालयवाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ । आवेदनफारामखरिद गर्दा यीकागजातहरु र आवेदन दस्तूर तिरेको सक्कलभौचर पेश गर्नुपर्नेछ । मूल्यअभिवृद्धि करमादर्ता भएका संस्थाले समेत आवेदनगर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क वापतकुनै रकमभुक्तानीगर्नेछैन ।

२. आवेदनफारम रु.१००० ( एक हजार मात्र ,पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिकाकार्यालय, परियोजनाको प्राविधिक सहयोग इकाई डोटी र परियोजना सहयोग इकाई डोटीबाट प्राप्तगर्न सकिनेछ । आवेदन दस्तूर गाउँकार्यपालिकाको खाता नं. ४१००३०४०१८१०८ (रा.बा.वैक डोटी मादाखिलागर्नु पर्नेछ । आवेदनफारामगाउँकार्यपालिकाको कार्यालय बडीकेदार डोटी र परियोजना ईकाइ डोटी गरी २ स्थानमा बुझाउन सकिनेछ ।

३. आवेदनगर्ने संस्था ग्रामीण क्षेत्रमाजलस्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजनाकार्यान्वयन(Scheme Implementation)वाअन्य सामुदायिकविकास कार्यमाकम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभवभएको हुनुपर्नेछ ।

४. संक्षिप्त सूचीको लागिप्रतिष्पर्धा गर्न चाहने संस्थाले यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्रनिर्धारित फाराम भरी आवश्यककागजपत्र सहितगाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । आवेदनबुझाउने अन्तिमदिन सार्वजनिकविदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनआवेदनबुझाउन सकिनेछ ।

५. संक्षिप्त सूचीको लागिमूल्याङ्कनगर्दा परियोजनाको स्वीकृत निर्देशिकाबमोजिमगरिनेछ र निर्धारित योग्यताहासिल गरेका संस्थाहरुमध्येवाट तीनवटा संस्थाहरुलाई प्राप्ताङ्कको योग्यताक्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।

६. संक्षिप्त सूचीमा पर्न सफल सँस्थाहरुको सूचीगाउँकार्यपालिकाकार्यालयको सूचना पाटी र परियोजनाप्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।

७. रित नपुगीआएको वाम्याद नाघी प्राप्तभएको आवेदनउपर कुनै कार्यवाहीहुनेछैन ।

८. कुनै कारण जनाई वानजनाई प्राप्तआवेदनहरु पूरै वाआँशिक रुपमा स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजनाव्यवस्थापन समितिमा रहेको छ ।

९. अन्य कुराहरु ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको परियोजनाकार्यान्वयननिर्देशिकामाउल्लेख भएबमोजिमहुनेछ ।

१०. थपजानकारी यस कार्यालयबाट प्राप्तगर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**दिपक पाण्डेय**
**प्रमुख प्रशासकिय अधिकृत**